Journal of Research and Analysis
(A Multidisciplinary and Multilingual Peer-reviewed Journal)
Published by:
Technology Twenty Fifty Pvt. Ltd
Website: https://technology2050.com.np/
ISSN: 3059-9571

# छिमेकी कथामा कथनात्मक निर्मितिको प्रयोगको विश्लेषण

**शिवराज अधिकारी**[१]
गंगाजमुना गा. पा.–७, बुढाथुम, धादिङ
badribishal003@gmail.com
९८४२००४३०१

**लेखसार**

प्रस्तुत लेखमा कथनात्मक निर्मितिको सैद्धान्तिक मान्यताका आधारमा कथाकार गुरुप्रसाद मैनालीद्वारा लिखित 'छिमेकी' कथाको विश्लेषण गरिएको छ। यस अध्ययन कथामा प्रयुक्त सांसारिक, कार्यात्मक र क्रियाकलापगत निर्मितिको अवस्था के कस्तो छ भन्ने जिज्ञासाको परिपूर्ति गर्नका लागि तयार गरिएको हो । लेखमा निर्मितिको सैद्धान्तिक पर्याधारलाई आधार बनाई प्राथमिक एवं द्वितीयक स्तरको सामग्रीको उपयोग गरी गुणात्मक र पाठ विश्लेषणात्मक शोधविधि अपनाई पूर्णता दिने प्रयास गरिएको छ। प्रस्तुत कथामा प्रयुक्त सांसारिक निर्मितिसँग सम्बद्ध पक्षको उपस्थिति र अनुपस्थिति यथार्थ, कार्यात्मक निर्मितिसँग सम्बन्धित पक्षको विश्लेषण, प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण, अपरिहार्यता र अन्तर्निभरता तथा क्रियाकलापगत निर्मितिसँग सम्बद्ध जिज्ञासाको मूल्याङ्कन राजनीतिक र सामाजिक शक्तिजस्ता मापदण्डका आधारमा गरिएको छ। यस अध्ययनमा सांसारिक, कार्यात्मक र क्रियाकलापगत प्रयोगले प्रस्तुत कथाको सार वस्तुको प्रस्तुतीकरण र बोधमा महत्त्वपूर्ण भूमिका वहन गरी कथालाई कलात्मक सौन्दर्यपूर्ण र मानवीय संवेदनायुक्त बनाउने प्रयास गरिएको छ । अध्ययनमा प्रयुक्त निर्मितिको प्रयोगले प्रस्तुत कथाको आपसी आवश्यकता र अपरिहार्यतासँग सम्बद्ध पक्षको अङ्कनबाट आदर्शवादी समाजको स्थापनाप्रतिको दृष्टिकोण र चिन्तन पाठक समक्ष सम्प्रेषित हुनुले कथाकार मैनालीमा कथा सिर्जना गर्ने शिल्प र सामथ्र्य बेजोड रहेको निश्कर्ष निकाली छिमेकी कथाको विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी**

अनुपस्थित, कार्यात्मक, यथार्थ, क्रियाकलापगत, निर्मिति

---

१ . शिवराज अधिकारी बद्रीविशाल मा.वि., गङ्गाजमुना गाउँपालिका, धादिङमा शिक्षण पेसामा संलग्न हुनुहुन्छ । उहाँको शैक्षिक रूचि नेपाली साहित्य र समालोचनाको विषयक्षेत्रमा केन्द्रित छ । विशेषतः उहाँ नेपाली साहित्य, समालोचना एवं समसामयिक शैक्षिक क्षेत्रको अध्ययन अनुसन्धानमा संलग्न हुनुहुन्छ ।

**विषय परिचय**

प्रस्तुत 'छिमेकी' कथा गुरुप्रसाद मैनालीद्वारा रचना गरिएको छिमेकीको अपरिहार्यता, समन्वय र मेलमिलापमा आधारित विशिष्ट कथा हो। उनको 'शारदा' पत्रिका १९९२ मा प्रकाशित दोस्रो कथाका रूपमा सङ्गृहीत यस कथाले लोककल्याणको भावनालाई अवलम्बन गरेको छ। मैनालीको नासो कथाको लेखनसँगै नेपाली कथाको फाँटमा आधुनिकताले प्रवेश पाएको पाइन्छ। आदर्शोन्मुख यथार्थवादी कथाकार मैनालीले यस कथामा पनि आदर्शोन्मुख यथार्थवादी मान्यतालाई स्थापित गराएका छन् । नारी जीवनको समस्या, पारिवारिक विघटन र तनाव, शोषण, प्रेम समस्या, पुरानो र नयाँ पुस्ताविच द्वन्द्व, समाजको फोटोग्राफिक चित्रण, रूढी परम्परा र अन्धविश्वासले उपस्थित समस्या, सङ्क्रमणकालीन राजनीतिक परिवेशको चित्रण, भाषाशैलीगत सरलता र स्वाभाविकताआदि मैनालीका कथागत विशेषता हुन् । उनले 'छिमेकी' कथामा पनि यस्ता विशेषताहरूलाई आधारका रूपमा प्रस्तुत गरेका छन् । यहाँ असल, क्षमाशील र सहयोगी छिमेकीहरुको सामाजिक वातावरणको निर्माणमा केन्द्रित रहेको उक्त कृतिको शोधमूलक ढंगले अध्ययन गरिएको छ।

यस अध्ययनमा वक्ता वा लेखक र श्रोता वा पाठकका विचको निश्चित सन्दर्भमा आधारित अन्तर्क्रियाका सामाजिक तथा सांस्कृतिक सन्दर्भलाई समेटेर पाठको मूल्याङ्कन गरी विशिष्ट प्रकारको पद्धतिका रूपमा कथनात्मकताको सैद्धान्तिक पर्यायधारका निर्मितिको विभिन्न कोणबाट विश्लेषण गर्ने प्रयास गरिएको छ। कथामा निर्मिति भन्नाले प्रतीकात्मकता वा लाक्षणिकता, सांसारिकता, कार्यात्मकता, क्रियाकलाप, संस्कृतिनिष्ठ पहिचान र अन्तर्क्रियात्मक सम्बन्ध जस्ता मापदण्डमा आधारित भई साहित्यिकपाठमा अङ्कित सारवस्तुको अन्वेषणमा सघाउने एउटा सैद्धान्तिक मान्यतालाई बुझिन्छ। प्रस्तुत छ ओटा पक्षलाई केन्द्र बनाई साहित्यिक पाठमा अभिव्यक्त सार वस्तुगत सन्दर्भको मूल्याङ्कन गर्ने मान्यता यस अवधारणाले बोकेको छ । निर्मितिको अवधारणाले कथनात्मकताको आशय वा अर्थलाई बढी वस्तुपरक र प्रामाणिक बनाउनमा सघाउने गर्दछ। यस अध्ययनमानिर्मितिको अवधारणाले कथनात्मकताको आशय वा अर्थलाई बढी वस्तुपरक र वैधरुपमा उजागर गराउन केन्द्रित भएकोछ । प्रस्तुत कथामा विद्यातत्व समाजशाष्त्रीय जस्ता आधारमा अध्ययन गरिएकोछ । निर्मितिको केन्द्रीयतामा छिमेकी कथाको अध्ययन गरिएको छ। अध्ययनमा छ निर्मिति मध्ये सांसारिकता, कार्यात्मकता र क्रियाकलापका आधारमा मैनालीको छिमेकी कथाको विश्लेषण गरी प्राज्ञिक समस्यालाई उठान गरिएको छ ।निर्मिति मध्ये सांसारिकता कार्यात्मकता र क्रियाकलापका आधारमा 'छिमेकी' कथाको प्राज्ञिक रूपमा मूल्याङकन गर्नु नै प्रस्तुत लेखको मुख्य उद्देश्य रहेको छ ।

यस अध्ययन कृतिको सारवस्तुगत सन्दर्भको प्रस्तुतीकरण र बोध प्रक्रियामा क्रमशः स्रष्टा एवं द्रष्टा दुबैलाई सघाई पाठको सार वस्तुलाई गहन, विशिष्ट र वस्तुपरक बनाउनमा सहयोगी सिद्ध हुने भएकोले अध्ययन औचित्यपूर्ण देखिन्छ। 'छिमेकी' कथालाई मुख्य आधार बनाई यस लेखको व्यक्तिगत तथा कृतिगत तथा छ निर्मिति मध्ये सांसारिक, कार्यात्मक र क्रियाकलापगतनिर्मितिको मात्र उपयोग गर्नुलाई सैद्धान्तिक क्षेत्र निर्धारण गरिएको छ भने प्रतीकात्मकता, संस्कृतिनिष्ठ पहिचान र अन्तर्क्रियात्मक सम्बन्धजस्ता निर्मितिगत पक्षको अध्ययन नगरिनुलाई यस लेखको सीमा मानिएको छ। यस कथाको अध्ययनमा चित्राङ्कित सांसारिकताको उपस्थित र अनुपस्थित यथार्थ, कार्यात्मताको प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण अपरिहार्यता एवं आत्मर्निभरता तथा क्रियाकलापगत अवस्थासँग सम्बद्ध पक्षको राजनीतिक र सामाजिक शक्ति जस्ता मापदण्ड अपनाई विश्लेषण गरिएको छ ।

अध्ययनको विधि

प्रस्तुत लेखसँग सम्बद्ध सामग्रीहरूको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । गुरुप्रसाद मैनालीका ‘छिमेकी’ कथालाई आधारभूत सामग्रीका रुपमा प्रयोग गरिएको छ भने सहायक सामग्रीका रूपमा छ निर्मितको सैद्धान्तिक एवं अवधारणा एवं सामग्री अर्थपानको ढाँचा निर्धारणका निम्ति विभिन्न अनुसन्धानकर्ताद्वारा गरिएका पूर्व कार्यहरुलाई उपयोगमा ल्याइएको छ। यस लेखमा अवलम्बित सामग्री विश्लेषणको सैद्धान्तिक पर्यायधार तथा सामग्री अर्थपानको विधि र ढाँचाको प्रयोग गरी अध्ययन विधिलाई प्रयोगमा ल्याइएको छ।

**सैद्धान्तिक पर्याधार**

प्रस्तुत अध्ययन प्रतीकात्मक, सांसारिक, कार्यात्मक, सामाजिक सांस्कृतिक पहिचान र सम्बद्ध, क्रियाकलाप एवं अन्तर्क्रियात्मक वा सम्बन्धगत पक्षको केन्द्रीयतामा आधारित भई पाठमा निहित अर्थको खोजी गर्न कथनात्मक विश्लेषण अन्तर्गत विकसित सैद्धान्तिक अवधारणाका छ पक्षहरु नै निर्मिति हो। साहित्यिक पाठ पनि एउटा विषय भएकोले अर्थलाई समाहित गरिएको हुने गर्दछ । पाठको अर्थलाई संकेत गर्नका लागि विविध प्रतीकहरुको व्यवस्था पाठमा गरिएका हुन्छन् । पाठ सङ्केतहरुको जोडजाड वा सङ्ग्रह हो **(Gyee, 1999, p. 146)** । यस विचारलाई अवलम्बन गर्दा पाठमा अनेकौं प्रकारका सङ्केतहरूको प्रयोग गरिएको हुन्छ,तिनका अध्ययन मनन र विश्लेषणले पाठको अर्थ प्राप्त हुने कुरा स्पष्ट हुने गर्दछ। पाठकले आफ्ना दिमागमा सञ्चित धारणाका आधारमा अर्थ ग्रहण गर्दछ। पाठकको अर्थलाई सीमाङ्कित गर्ने कार्यमा परिवेश र सन्दर्भले महœवपूर्ण भूमिका वहन गर्दछन् भने पाठकको अर्थ निर्धारण गर्ने काममा समाज र संस्कृतिले पनि सहयोग पुर्याउँछन् ।

पाठमा निहित अर्थ प्राप्तिका निम्ति कथानात्मक विश्लेषणमा ६ निर्मितिहरुका अवधारणाहरुलाई विकसित गराएको छ । प्रयुक्त तिनै छ निर्मितिहरूमा प्रतिकात्मक निर्मिति सांसारिक निर्मिति, कार्यात्मक निर्मिति, सामाजिक सांस्कृतिक पहिचान र सम्बन्धमा निहित निर्मिति, क्रियाकलाप निर्मिति, अन्तर्क्रियात्मक वा सम्बन्धगत निर्मिति रहेका छन् (Gyee 1999, p.85-86) । यस किसिमका निर्मितिका विभिन्न पक्षहरुलाई अवलम्बन गर्दा छ ओटा निर्मितिहरूले पाठमा निहित अर्थको खोजीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निष्कर्ष प्राप्त गर्न सकिन्छ । पाठमा प्रयुक्त सङ्केत र प्रतीकहरूलाई मुख्य आधार बनाई पाठको अर्थको खोजी गर्नुपर्ने मान्यता राख्ने निर्मिति नै प्रतीकात्मक निर्मिति हो। कथनात्मकतामा सङ्केतहरू, पद, पदावली तथा वाक्यांशका रूपमा आएका हुन्छन् (गौतम, २०६८, पृ. ५७१)। यस अंशबाट पद, पदावली र वाक्यांशमा अर्थहरू निहित रहने र तिनका विश्लेषण र पहिचानबाट पाठको अर्थ स्पष्ट हुने अभिमत प्राप्त गर्न सकिन्छ।

पाठमा अन्तर्निहित जीवन पद्धति, सुखदुःख, सामाजिक सम्बन्ध, विचारधारा आदि जस्ता पक्षहरूका खोजी गर्ने निर्मितिको एक प्रकारलाई सांसारिकता वा सांसरिक निर्मिति भन्ने गरिन्छ। कृतिमा सामाजिक जीवनको वास्तविकता हुन्छ, विभिन्न कारणहरु हुन्छन् जसले पाठको अर्थ सम्प्रेषण गर्ने कार्यमा सहयोग पुर्याउँछन् यसै गरी पाठभित्र उपस्थित र अनुपस्थित यर्थाथ, वास्तविक र अवास्तविक सम्भावित सम्भव जस्ता विषयवस्तु र घटनाहरुको संयोजन पनि गरिएको हुन्छ (Gyee, 1999, p. 86) । यस पाठभित्र उपस्थित र अनुपस्थित यर्थाथ, वास्तविक र अवास्तविक सम्भावित सम्भव र असम्भव जस्ता घटना जीवनपद्धति आदिजस्ता पक्षहरूको संयोजन गरिएको हुँदा

पाठमा अर्थग्रहण गरी त्यस्ता विविध पक्षहरुलाई ध्यानमाराखी अघि बढ्नु पर्ने अभिमतका कारणले प्रत्येक पाठमा सांसारिकताको निर्माण गरिएको हुन्छ ।

यस अध्ययनमा पाठमा पात्रहरूले गर्ने कार्य र क्रियाकलाप, व्यक्त गर्ने विचार, भावना आदि जस्ता पक्षहरुलाई आधार मानी त्यसैको केन्द्रीयतामा रही पाठकको अर्थको निर्धारण गर्ने निर्मिति नै कार्यात्मक निर्मिति हो । यसले पात्रहरूको कार्य, व्यवहार वा क्रिया हेरेर मानवीय बानी,स्वाभाव, बानी र विचार पक्षको सम्प्रेषणमा सहयोग पु¥याउँछ। प्रिय वस्तुहरूको प्राप्ति र संरक्षण मानवीय मूल्य, मान्यता र मानवताको संरक्षणको अपरिहार्यता सामाजिक प्राणीका हैसियतले एउटा व्यक्तिको अरुप्रतिको अन्तर्निर्भरता लगायतका पक्षहरूलाई मध्यनजरमा राखी पात्रले पाठकभित्र विभिन्न प्रकारका क्रियाकलापहरू गरेको हुन्छ। पाठमा चित्रित मुख्य गतिविधिहरूको निर्क्योल गरी पाठको अर्थबोध गर्नुपर्ने अभिमत प्रकट गर्नुपर्ने कुरा गरेका छन् (p.93)। निर्मितिले पाठमा पात्रहरूले गर्ने कार्य र क्रियाकलापलाई मुख्य आधार बनाई त्यसैको केन्द्रीयतामा रही पाठको अर्थीय संरचनाको मूल्याङ्कन गर्नुपर्ने मान्यता वरण गरेको कुरा प्रमाणित भएको पाइन्छ ।

पाठमा अन्तर्निहित राजनीतिक र सामाजिक शक्तिलाई पाठको अर्थ ग्रहणको मुख्य आधार बनाउनु पर्ने उद्देश्यका साथ विकसित अवधारणात्मकनिर्मितिलाई राजनीतिक वा क्रियाकलापगत निर्मिति भनिन्छ। पाठकभित्र आएको शक्तिलाई आधार बनाई पाठकमा निहित अर्थको निर्धारण गर्नुपर्दछ (Gyee, 1999, p. 86) । यसर्थ यसलाई अवलम्बन गर्ने क्रममा पाठकमा प्रभुत्वशाली र अधीनस्थ, शासक र शासित,पीडक र पीडित वर्ग, महिला र पुरुष, धनी र गरिब आदि जस्ता विविध प्रकारका पात्रहरूका प्रयोग गरिएको कुराको निक्यौल गर्न सकिन्छ । लुइस आल्युसरले आर्थिक जस्तो एउटा तत्वले मात्र नभई राजनीतिक, सांस्कृतिक, धार्मिक लगायतका तत्वले समाजको संरचना निर्माण गर्नमा एकअर्कासँग प्रतिस्पर्धा गर्ने र एकअर्काका अन्तर्विरोधी हुने तर्क प्रस्तुत गरेका छन् (पाण्डेय, २०७३, पृ. ६३) । यसर्थ यसबाट पात्रमा निहित आर्थिक राजनीतिक, सांस्कृतिक, धार्मिक, सामाजिक जस्ता पक्षहरूले एउटा पात्रले अन्य पात्रसँग गर्ने प्रतिस्पर्धा तथा एक अर्काका विरोधी वा समर्थक हुने कुरालाई स्पष्ट पारेको देखिन्छ । यसैगरी रेमन्ड विलियम्सले प्रभुत्वशाली अधीनस्थ र उदीयमान जस्ता समुदायको पनिचर्चा गरेका छन् (गौतम, २०७५, पृ. ९३–९४)। उनका भनाइअनुसार एकाथरी समुदाय प्रभुत्वशाली, अर्काथरीका समुदाय अधीनस्थ र झन अर्काथरीका समुदाय उदीयमान प्रकृतिका हुन्छन् भन्ने कुरा औंल्याएका छन्। यसै गरी स्टुआर्ट हलले सञ्चारले उत्पादन गरेको अर्थलाई प्रभुत्वशाली, वार्तामुखी र स्वीकार्य गरी तीन किसिमले ग्रहणकर्ताले ग्रहण गर्दछ भनेका छन् । (गौतम, २०७५ पृ. १००)। यसर्थ, उनको भनाइअनुसार यसलाई सामान्यीकरण गरी प्रभुत्वशाली वा अन्य समुदायले उत्पादन गरेको अर्थलाई हुबहु (प्रभुत्वशाली) केही स्वीकार्य र केही अस्वीकार्य (सहमतीय) तथा पूरै अस्वीकार्य ढंगले ग्रहण गरिने कुरा प्राप्त गर्न सकिन्छ। त्यस्तै फुकोलेले त समाजका हरेक व्यक्ति शक्तिशाली भएको अर्थात् हरेक व्यक्तिमा शक्ति निहित रहेको विमर्श व्यक्त गर्दै शक्ति नकरात्मक मात्र नभई उत्पादनशील र सकरात्मक हुने कुरा व्यक्त गरेका छन् (पाण्डेय, २०७३ पृ. ७४)। निष्कर्षमा यसअभिमतका अनुसार हरेक व्यक्ति शक्तिशाली भएकोले आनन्द प्रदान गर्ने र ज्ञान निर्माण गर्ने विमर्शको उत्पादन गर्ने कार्यमा शक्तिको महत्त्वपूर्ण भूमिका रहेको तथ्यलाई पुष्टि गरेको पाइन्छ। साथै फुकोलले हरेक व्यक्तिले आफ्नो प्रतिनिधित्व आफैंले गर्ने सक्ने अभिमत पनि प्रकट गरेका छन् (उप्रेती, २०६९, पृ. २८४) । निष्कर्षमा यस मतले पनि शक्तिलाई नै प्राथमिकता दिएको पाइन्छ । पाठमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियता जस्ता पक्षको उपस्थिति कसरी भएको छ

भन्ने कुराको सम्प्रेषण गर्ने कार्यमा प्रतिनिधित्वको अवधारणाले सहयोग पुर्याउँदछ (भट्टराई २०७०,पृ.३३६) । निष्कर्षमा यस किसिमका सन्दर्भहरूले समाजका व्यक्तिहरुमा शक्ति निहित भएको कुरालाई स्पष्ट पार्दछ ।

सामाजिक स्तर देखाउने क्रममा पाठमा सामाजिक वस्तु (सम्पत्ति, घर, गाडी, गोरु, भैँसी जग्गा घडेरी) आदि जस्ता वस्तुहरुको उपस्थिति देखाइएको पाइन्छ । समाजमा विना शक्ति सामाजिक हैसियत कायम गराउन सकिँदैन । समाजमा स्थापित राजनीतिक शक्तिलाई सामाजिक सम्पत्ति मान्न सकिन्छ। पाठमा पात्रहरुको सामाजिक स्तर, निर्देशकका साथै शक्तिहरुका स्तरको पनि चर्चा गरिएको पाइन्छ। पाठमा पात्रहरूले आफ्ना सामाजिक स्तरलाई कायम गराउन खोजेका हुन्छन्। यिनै विविध पक्षलाई कृतिभित्र खोज्दै तिनका आधारमा पाठमा निहित अर्थको मूल्याङ्कन गर्ने कार्यमा राजनीतिक निर्मितिले सहयोग पु¥याउने निष्कर्ष प्राप्त गर्न सकिन्छ ।

**छिमेकी कथामा कथनात्मक निर्मितिको प्रयोगको विश्लेषण**

प्रस्तुत गुरुप्रसाद मैनालीद्वारा रचित 'छिमेकी' कथामा कथनात्मक निर्मितिका प्रयोगका विश्लेषण गर्ने क्रममा विभिन्न कोणबाट विश्लेषण गरी अध्ययनका विषयवस्तुमा समेटिएका छन् । अध्ययनका विषयवस्तुहरुलाई समेट्ने क्रममा प्रतीकात्मक निर्मिति सांसारिक निर्मिति, कार्यात्मक अन्तक्रियात्मक वा सम्बन्धगत आदि जस्ता छ ओटा निर्मितिहरुलाई लेखमा समावेश गरी विशेषतः सांसारिक निर्मिति, कार्यात्मक निर्मिति र क्रियाकलापगत निर्मितिलाई क्रमिक रुपमा व्याख्या गरिएको छ। गुणात्मक र पाठ विश्लेषणात्मक शोध विधिको उपयोगमा पूर्णता प्रदान गरिएका प्रस्तुत लेखमा सैद्धान्तिक पर्याधार र मापदण्डका आधारमा छिमेकी कथाको कथानात्मक निर्मितिको प्रयोगको विश्लेषण लेखमा अर्थपानका ढाँचाका आधारमा निम्न अनुसार विश्लेषण गर्न सकिन्छ –

| ढाँचाक्रम | विश्लेष्य पक्ष | विश्लेषणको ढाँचा |
|---|---|---|
| क. | सांसारिक निर्मिति | अ) उपस्थित यर्थाथ<br>आ) अनुपस्थित यर्थाथ |
| ख. | कार्यात्मक निर्मिति | अ) प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण<br>आ) अपहरिहार्यता<br>इ) अन्तर्निर्भरता |
| ग. | क्रियाकलापगत निर्मिति | अ) राजनीतिक शक्ति<br>आ) सामाजिक शक्ति |

**नतिजा र विमर्श**

गुरूप्रसाद मैनालीद्वारा लेखिएको 'छिमेकी' कथामा प्रयुक्त निर्मिति सम्बन्धी सामग्रीहरूका व्याख्या र पुष्टि निम्न उपशीर्षहरूबाट अध्ययन गरी विश्लेषण गर्न सकिन्छ ।

**सांसारिक निर्मिति**

यस अध्ययन गुरूप्रसाद मैनालीद्वारा रचना गरिएको 'छिमेकी' कथाको कथनात्मक निर्मितिको प्रयोगको विश्लेषण गर्ने क्रममा सांसारिक निर्मितिलाई निम्न कोणबाट विश्लेषण गरी अध्ययन गर्न सकिन्छ ।

**अ) उपस्थित यथार्थ :** गुरूप्रसाद मैनालीको 'छिमेकी' कथामा उपस्थित यथार्थले यस भौतिक संसारमा फल प्राप्ति हुने, कसैका लागि काम गरिने, गरिएको कामको असर प्रत्यक्ष देखिने जस्ता प्रवृत्तिमा आधारित यथार्थलाई जनाउने गर्दछ । यस किसिमको यथार्थलाई कथामा प्रत्यक्ष देख्न सकिन्छ । कथामा गुमानेले ढुङ्गाले धनजितेलाई हान्न खोज्दाको अवस्थामा धर्मानन्द पाध्येलेछेक्नु, स्वास्नीसहित बिरामी परेको धनजितेलाई गुमानेले सेवा गर्नु, सोही समयमा सामान ओसार्नका लागि आशामरु साहुले प्रस्ताव राख्दा गुमानेले अस्वीकार गरी छिमेकीको रेखदेखमा लाग्नु, सन्चो भएपछि दुबैमा आत्मिक मित्रता कायम हुनु जस्ता प्रसङ्गलेउपस्थित यथार्थको संकेत दिएको पाइन्छ । अर्कोतर्फ उपस्थित यथार्थमा गुमानेले आफ्नो छिमेकी बिरामी हुँदा सहयोग गर्नु, पैसालाई महŒव नदिनु, विगतमा भएका झगडालाई बिर्सनु, असल छिमेकीको कर्तव्य पालना गर्नु, देवीदेवताको पूजापाठ गरी गाउँको समस्यालाई समाधान गर्न खोज्नु आदि जस्ता विविध पक्षलाई उदाहरणका रूपमा लिन सकिन्छ। कथामा गुमाने र धनजिते जस्ता पात्रबाट छिमेकीका रूपमा रहेका व्यक्तिहरू बेलामौकामा आपसमा लड्छन्, भिड्छन् र आवश्यकता परेको बेलामा एकाअर्कालाई सहयोग पनि पु¥याउँछन्, सुखदुःखमा सँगै रहन्छन् भन्ने कुरालाई अगाडि बढाइएको छ । समाजमा अरुलाई लडाएर आनन्दको अनुभूति गर्ने तथा धनको घमण्ड देखाउने, समाजका प्रभुत्वशाली वर्गका गतिविधिको वास्तविकताको उद्घाटन धर्मानन्द पाध्ये भन्ने पात्रबाट गरिएको छ । यस कथाको उपस्थिति यथार्थवाद सन्दर्भले नेपालको ग्रामीण समाजको आदर्शोन्मुख यर्थाथतामा आधारित जीवन पद्धतिको उद्घाटनलाईप्रस्तुत गरिएको छ।

**आ) अनुपस्थित यथार्थ :** अनुपस्थित यथार्थले भौतिक संसारमा फल प्राप्ति नहुने, आफ्नो लागि गरिने आध्यात्मिक चिन्तनमा आधारित हुने, पुण्य आर्जन एवं मोक्ष प्राप्तिको भावनामा केन्द्रित हुने यथार्थलाई जनाउने गर्दछ। असल काम गरियो भने पुण्य पनि प्राप्त हुने र परलोक पनि सप्रिने विचार धार्मिक चिन्तन भएको मान्छेमा पाइन्छ । छिमेकी कथाको केन्द्रीय पात्र गुमानेले धनजितेर उसकीश्रीमतीको सेवा गरी असल छिमेकी बन्न र देवीदेवतालाई खुसी तुल्याई गाउँमा देखिएको एक प्रकारको महामारीको समाधान गर्न खोज्नुले उपस्थित यथार्थको झल्को दिएको छ भने अर्कोतर्फ यस्ता सम्पूर्ण कामहरु भगवानले हेरिरहेका तथा देवीदेवताको गरिएका पूजापाठबाट देवीदेवता पनि खुसी हुने र आफ्नो परलोक पनि सप्रिने एवं धार्मिक लाभ हुने तथा आफू पापी नभई पुण्य गर्ने व्यक्तिका सूचीमा सूचीबद्ध हुने जस्ता प्रवृतिहरू गुमानेको क्रियाकलापमा देखिन्छन् । यिनै विविध तथ्यहरूबाट अनुपस्थित यर्थाथको झल्को पाइन्छ। उक्त कुराको पुष्टि यस कथांशका माध्यामबाट थाहा पाउन सकिन्छ । "गुमानेले जान्ने बसायो गाउँका सारा मानिस जम्मा भए, तर करेसो जोरिएको धनजिते आएन। जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गरे"(मैनाली २०७३, पृ.१४) । यस कथाले धर्मप्रतिको आस्थालाई बोध गराएको पाइन्छ। कथामा अप्रत्यक्ष रूपमा भए पनि देवी–देवता खुसी हुने र आफ्नो परलोक पनि सप्रिने गुमानेमा अन्तर्निहित अनुपस्थितयर्थाथलाई पाठकसमक्ष पुर्याउन खोजिएको छ। कथामा अनुपस्थित यथार्थतासम्बन्धी सन्दर्भले आत्मशुद्धि, मानवोपकार तथा सम्भाव्य दुर्घटनाबाट जोगिनका निम्ति मानवद्धारा गरिने अध्यात्मप्रतिको आस्था र विश्वासगत अर्थबोधमा सघाएको पाइन्छ।

**कार्यात्मक निर्मिति**

'छिमेकी' कथामा गुमाने, धनजिते, धर्मानन्द पाध्ये, आशामरु साहु जस्ता पात्र मानवीय तथा गोरु, गाई बाख्राजस्ता मानवेतर पात्रहरुका सहभागितामा संरचित गरी तिनै पात्रद्वारा गरिएका गतिविधि, कार्याकलाप, व्यवहार, कार्यात्मक निर्मितिलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

**अ)** **प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण :** प्रस्तुत 'छिमेकी' कथाका मुख्य पात्रहरु गुमाने र धनजितेले प्रिय वस्तुप्रति आकर्षित हनुका साथै त्यसको संरक्षणमा लागिरहेको पाइन्छ । कथामा प्रिय वस्तुको संरक्षणका लागि मुख्य पात्रहरूले जस्तोसुकै विषम परिस्थितिको पनि सामना गरेको देखिन्छ। वर्ष दिनको गुजारा चलाउने आसाको रूपमा रहेको रोप्ने बेलाको धानको बिउ घनजितेका लागि अति प्रिय वस्तु हो। तिनै प्रिय वस्तु गुमानेको गोरुले नोक्सान गर्दा उसलाई ठुलो आधात हुन पुगी उसले गुमानेको गोरुलाई कुट्न सुरु गरी गुमानेसँग बाझ्न पनि पछि पर्दैन । त्यस्तै गुमानेका लागि पनि दिनभरि जोतेर असारे खेती सपार्ने काममा सहयोग पुर्‍याउने गोरुहरू प्रिय वस्तु हुन् । त्यस्ता प्रिय वस्तु गोरुलाई अरुले दौडाई–दौडाई पिटेको दृश्य गुमानेले मात्र नभई कुनै पनि किसानले सहन गर्न सक्दैनन् । यसैको परिणाम स्वरूप गुमाने पनि धनजितेसँग लड्न पछि पर्दैन।छिमेकी–छिमेकीका विचमा सम्बन्ध टुडाउने, प्रिय वस्तुप्रतिको आकर्षण र संरक्षण रूपी भावना जस्ता तत्वले कारणबाट हुने गर्दछ।

**आ)** **अपरिहार्यता** : 'अपरिहार्यता' भन्ने शब्दले अनिवार्यता भन्ने अर्थबोध गराएको पाइन्छ । मानव सामाजिक प्राणी भएको नाताले उसमा भएको ज्ञान, विधा, बुद्धि र विवेकले युक्त भएकाले मानवीय मूल्य, मान्यता र मानवताको संरक्षण गर्नु अपरिहार्य अर्थात् अनिवार्य हुन्छ। व्यक्तिले गर्ने विविध क्रियाकलाप तथा अरुप्रति देखाउने सेवा भावले यस्ता पक्षको जानकारी गराउँदछ। धानको बिउ नोक्सान गरेको र गोरुलाई पिटेको कारण गुमाने र धनजिते जस्ता छिमेकीका विचमा साधारण किसिमको बोलचाल समेत बन्द भएको अवस्थामा धनजिते र उसकी श्रीमती बिरामी भई अत्यन्त प्रतिकुल अवस्थामा समेत गुमानेले धनजितेले आफूलाई पिटेको घटनालाई बिर्सी आफ्नै परिवारको सदस्य जस्तै सेवा गर्नु जस्ता कार्यलाई छिमेकीको अपरिहार्यताले गर्दा भएको हो। यस कुरालाई निम्न कथांशद्वारा पुष्**टि गर्न सकिन्छ :**

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता गरेन । परन्तु जब स्वास्नी समेत थला परी अनि गुमानेको चित्त रहन सकेन, विचार गर्‍यो– "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको, नत्र ओडारमा गएर बसे पनि त भो नि, जहाँ पनि बस्नै न हो। दिनदशा आपत विपत् कसैलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैँ यत्तिकै पुग्छ भनेर घमण्ड गर्यो, परमेश्वरले घमन्ड तोडे। बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै नगरमा बढेर यो उमेर भो दौँतर हो यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ? (मैनाली, २०७३, पृ. १४) ।

यस भनाइका आधारमा छिमेकका मानिस एउटै गाउँ वा ठाउँमा अर्थात् समाजमा बस्नुको मुख्य कारण आपतविपत् पर्दाको बेलामा एकले अर्कालाई सहयोग पुर्‍याउने, दुःखसुखको साटासाट गर्ने, जीवन पनि सुरक्षित रहने तथा यस्ता कुराहरूको अपरिहार्यता नभए मानिस एकै ठाउँमा नबसी अलग–अलग समाजमा नबसी टाढा–टाढा बस्न सक्ने सम्भाव्यता रहने तथा एउटा छिमेकी अफठ्यारोमा पर्दाको अवस्थामा अर्को छिमेकी चुप लागेर बस्नु मानवता र मानवीयताका दृष्टिले उचित नहुने जस्ता तथ्यहरूले छिमेकीको अपरिहार्यतालाई प्रष्ट पारेकोपाइन्छ।

यस्तै गुमानेको मुखबाट निस्केको "छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी भन्दछन्"(मैनाली, २०७३ पृ. १५) । यस भनाइले पनि छिमेकी छिमेकी विचको आपसी सम्बन्ध भन्ने अपरिहार्यतालाई बोध गराएको पाइन्छ। साथै गुमानेले धनजितेलाई ढुङ्गा हान्न खोज्दाको अवस्थामा धर्मानन्द पाध्येले छेक्नुको प्रमुख कारणमान्छेलाई खतरा वा ठुलो समस्यामा पर्न दिनु हुँदैन भन्ने अपरिहार्यताले नै हो। गुमानेले धनजितेलाई छोडी आशामरु साहुको सामान बोक्न नजानुको कारण पनि छिमेकी प्रतिको दायित्व वहनको अपरिहार्यताको कारणले गर्दा हो। यसर्थ समाजका व्यक्ति व्यक्तिको विचमा आपसी समन्वय, सहकार्य र मेलमिलापको भावना हुनुपर्ने, दुःख पर्दा एक

व्यक्तिले अर्को व्यक्तिलाईसघाउनु पर्ने तथा जस्तोसुकै विषम परिस्थितिमा पनि लोककल्याणलाई सर्वोपरि दिनु पर्ने जस्ता अर्थीय पक्षको बोध गर्नुमा अपरिहार्यताले अहम् भूमिका निर्वाह गरेको कुरा स्पष्ट भएको पाइन्छ।

**(इ) अन्तर्निर्भरता :** समाजमा एक आपसमा मिलेर बसोबास गर्ने एउटा व्यक्ति अर्को व्यक्ति माथि निर्भर हुने अवस्थालाई अन्तर्निर्भरताको रूपमा लिइन्छ। 'छिमेकी' कथामा पनि प्रयोगका रूपमा स्थापित पात्रहरूले कुनै न कुनै रूपमा एक आपसमा अन्तर्निर्भरता रहेको पाइन्छ। कथामा यिनै मान्यता अनुसार विविध क्रियाकलापहरू सम्पन्न भएका छन्।छिमेकी कथामा विरामी भएको धनजिते र उसको परिवार गुमाने माथि निर्भर देखिन्छ भने पसल थापेर बसेको आशामरु साहुको पसलमा सरसामान सकिएकाले सामान बोकेर ल्याइदिने सन्दर्भमा साहु पनि गुमानेप्रति निर्भर देखिन्छ। आफ्नो आम्दानी बढाउन साहुको सधैँ सामान ओसार्ने गुमाने पनि साहुप्रति निर्भर देखिन्छ। यसको साथै ठुलो गुन लगाएको गुमाने विना धनजिते एक्लै कतै नजानु, त्यस्तै गुमानले धनजितेलाई एक्लै नछोड्नु जस्ता क्रियाकलापले यी पात्रहरू एक आपसमा अन्तनिर्भर रहेको कुरा पुष्टि हुन्छ। यस कुरालाई निम्न कथांशद्वारा थप पुष्टि गर्न सकिन्छ :

एउटै सिरान गरेर सुतेपछि कहिलेकाहीँ गोडा लाग्छ नाइँ झगडा भो भन्दैमा धर्म छोड्न हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसका आत्माले पनि कर गर्न लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौं ? माटोको भर ढुङ्गो ढुङगाको भर माटो, संसार भरै भरमा अडेको छ। यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ (मैनाली, २०७३, पृ. १५)।

यस भनाइले छिमेकीमा एकै ठाउँमा बसे **पनि कुनै पनि बेला मनमुटाव वा झै**झगडा भए पनि छिमेकी का हैसियतले निर्वाह गर्नु पर्ने कर्तव्य र उत्तर दायित्वत्याग्न नहुने, साँचो र पवित्र मनले सेवा गरे छिमेकमा रहेका व्यक्तिका मन पग्लिने, अमृत रोपेको ठाउँमा विष नफल्ने तथा माटोले ढुङ्गालाई र ढुङ्ङ्गाले माटोलाई आड दिएको, संसार पुरै भरै भरमा अडेको भरको सम्बन्ध बिग्रने बित्तिकै सबैसन्दर्भ भताभुङ्ग भई बिग्रिने जस्ता अभिव्यत्ति गुमानेले एक अर्काप्रतिको निर्भरतालाई प्रस्ट्याएको सन्दर्भले सशक्त ढंगले पुष्टि गरेको छ। यसले समाजमा मात्रै नभई अन्तर्निभरता प्रकृतिमा समेत रहने कुरालाई प्रष्ट पारेको देखिन्छ। 'छिमेकी' कथामा अन्तर्निभरताले मानवीय जीवनको हरेक समुन्नतिमा अहम् भूमिका निर्वाह गरेको पाइन्छ।

क्रियाकलापगतनिर्मिती : 'छिमेकी' कथामा समावेश गरिएका प्रमुख पात्र, सहायक पात्र, मानवीय तथा मानवेतर प्राणीहरू कुनै न कुनै रूपमा क्रियाकलापगत निर्मितिका आधारमा अगाडि बढेको पाइन्छ। विशेष गरी यस कथामा प्रयुक्त प्रमुख पात्र वा मानवीय पात्रहरूका क्रियाकलापगत वा राजनीतिक निर्मितिको अध्ययन निम्न उपशीर्षकका आधारमा गर्न सकिन्छ।

**(अ) राजनीतिक शक्ति :** मैनालीको'छिमेकी' कथामा राजकीय सत्ता, शक्ति र शासनको प्रत्यक्ष उपस्थिति नदेखिए पनि त्यसको अवशेष धर्मानन्द पाध्ये र आसामरु साहु जस्ता पात्रहरूमा पाउन सकिन्छ। विशेषतः धर्मानन्द पाध्ये जस्ता पात्रमा पढ्न लेख्न जान्ने, 'वीरसिक्का' पढ्ने, गाउँमै आफूलाई सबैभन्दा बढी प्रौढ र होसियार ठान्ने तथा व्यक्तिहरूलाई भिडाएर आनन्द लिने स्वभाव जस्ता क्रियाकलापले उनमा राजनीतिक शक्ति निहित रहेको प्रष्ट पाउन सकिन्छ। उनी गाउँकै प्रभुत्वशाली वर्ग र समुदायको प्रतिनिधित्व गर्ने व्यक्ति भएको र उनको विपक्षमा अन्य व्यक्तिहरु नलागेको अवस्थाबाट उक्त गाउँमा उनको प्रभुत्व कायम रहेको कुराको पुष्टि भएको पाइन्छ। उनको व्यवहारकै कारणले प्रष्ट हुन्छ भने उनमा गाउँका सोझासाझा सीमान्त वर्गलाई उक्साएर आपसमा लडाएर आनन्द लिने स्वभाव छ। उनको

शासकीय स्वभावको चित्रण कथामा यसरी गरिएको पाइन्छ– "धर्मानन्दलाई लडाउने मौका पर्यो। सुर्तीको लुँडो निमोठ्दै भने 'कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफैं कुट्छ, अझ उही चोर र सोर उड्कन्छ" (मैनाली, २०७३ पृ.१३)। प्रस्तुत कथांसका आधारमा गुमानेको गोरुले धनजितेको खेतमा बिउ खान लाग्दातथा धनजितेले गोरुलाई पिटिरहँदाको अवस्थामा गुमानेलाई उक्साई समस्या झन् बढाइदिएको कुराको उद्घाटन धर्मानन्द पाध्येको तथ्यकोअभिव्यक्तिले थप पुष्टि गरेको पाइन्छ। समाजमा प्रायः जसो सीमान्त वर्गकै विरुद्धमा काम गर्ने प्रभुत्वशाली वर्गहरूले कहिलेकाहीँ सिर्जनात्मक कार्यहरू पनि गरेका हुन्छन्। यसै कोणबाट दृष्टिगत गर्दा अर्कालाई लडाउने र भिडाउने कार्यलाई आफ्नो मनोरञ्जनको आधार बनाउने पाध्येले गुमानेले ढुङ्गाले धनजितेलाई हान्न खोज्दाको अवस्थामा छेक्ने काम गरी गुमाने र धनजिते दुबैलाई ठुलो दुर्घटनाग्रस्त हुने समस्याको सम्भावनाबाट जोगाएको देखिन्छ। यसर्थ उनले आफ्नो शक्तिको प्रयोग खाली नकरात्मक कार्यका लागि मात्र नगरी सकरात्मक कार्यमा समेत उपयोग गरेको कुरा उनले तत्कालीन विषम परिस्थितिमा देखाएको व्यवहारबाट प्रष्ट देखिन्छ। उनी मूलतः सीमान्त विरोधी भएको कुरा सीमान्तहरूले बुझ्न नसक्नु, उनकै उक्साहटमा बढी झगडा गर्नु, सीमान्त सीमान्त वर्ग एक आपसमा मिल्नुको सट्टा लड्नुले कथाको आरम्भमा सीमान्त वर्गहरु राजनीतिक दृष्टिले सचेत नभएको तथ्य स्पष्ट हुन्छ । यस वर्गले उत्पादन गरेको अर्थलाई जस्ताको तस्तै रूपमा स्वीकार गर्ने शासित वर्गीय पात्रको प्रतिनिधित्व गरेका पाइन्छ ।

'छिमेकी' कथाका पात्रमध्ये प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गर्ने अर्का पात्र आशामरुसाहु हुन्। गाउँमा पसल थापेर आर्थिक अवस्था बलियो बनाएको साहुले मालसामान ल्याउनका लागि सीमान्त पात्र गुमाने कहाँ पैसाको लोभ देखाउँदै सामान ल्याइदिने काममा लगाउन चाहने पात्र हुन्। धनजितेले विगतमा दुःख दिएको स्मरण गराउँदै सामान ओसारिदिने अर्थको उत्पादन गरी सहमतीय आधारमा मनाउन खोज्दाकोअवस्थामा आफूले छिमेकीलाई यस्तो प्रतिकूल अवस्थामा छोडी मालसामान बोक्न नजाने भन्दै साहुद्वारा स्थापना गर्न खोजिएको अर्थलाई अस्वीकार गरी प्रतिप्रभुत्वको अवस्थाको समेत सिर्जना गरेको पाइन्छ। कथाको आरम्भमा सोझासाझा देखिने र ठुलाबडाको इसारामा व्यवहार देखाउने गुमाने र धनजिते जस्ता पात्रहरू कथान्तको अवस्थामा सचेत देखिएको पाइन्छ। सीमान्त–सीमान्त आपसमा मिलेर शक्ति सञ्चय समेत गरेको पाइन्छ। 'छिमेकी' कथामा यस्ता विविध सन्दर्भहरूले प्रभुत्वशाली र सीमान्त वर्गका विचमा संघर्ष चलिरहने तथा सीमान्त वा शासित वर्ग सचेत हुँदाको अवस्थामा उनीहरूलाई प्रभुत्वशाली वर्गले कज्याउन र प्रयोग गर्न नसक्ने अवस्थाको उद्घाटन गरिएको पाइन्छ।

(**आ)सामाजिक शक्ति** : सामाजिक शक्तिलाई समाजमा सामाजिक हैसियत र स्तर निर्धारण गर्ने कारकका रूपमा लिइन्छ। यस्तो सामाजिक शक्ति विभिन्न अभिव्यक्तिले हुने गर्दछ। 'छिमेकी' कथामा लिङ्गका आधारमा महिला र पुरुष दुवै प्रकारका पात्रहरूको प्रयोग गरिए पनि महिलाको भूमिका गौण र पुरुषको भूमिका सक्रिय तथा प्रमुख देखिएको पाइन्छ । कथामा महिला पात्रहरूका भूमिका रहे पनि हरेक निर्णय गर्ने तहमा पुरुष पात्र नै हावी भएको पाइन्छ। कथामा जातिगत दृष्टिले हेर्दा उच्च जातिका रूपमा धर्मानन्द पाध्ये र आशामरु साहु आएका छन् भने सामान्य जातिका रूपमा गुमाने घर्ती र धनजिते भोटेको उपस्थिति देखिन्छ। कथामा पाध्ये र साहु जस्ता पात्रले उच्च जातिको प्रभुत्वशाली वर्गको प्रतिनिधित्व गरेका छन् भने सामान्य जातिका रूपमा घर्ती र भोटेले अधीनस्थ वर्गको नेतृत्व गरेको पाइन्छ। यस्तैगरी कथामा वर्गीयताका आधारमा धर्मानन्द पाध्येर आशामरु साहुले उच्च वर्गीय पात्रको भूमिका निर्वाह गरेका छन् भने निम्न वर्गीय पात्रको प्रतिनिधित्व गुमाने घर्ती र धनजिते भोटेले गरेका पाइन्छ। धर्मानन्द पाध्ये पढेलेखेका भएका र प्रौढ देखिएकाले समाजमा उनको

ठुलो मान सम्मान रहेको पाइन्छ। साथै देवी देवताको पूजापाठ गरेर केही नहुने ('सिमेभूमे पूजेर पनि रोग हराउँछ ?') तर्क गर्दै आफूलाई शिक्षित र आधुनिक भएको देखाउने काम पाध्येले गरेका छन्। "तिमी ठमठमती छौं र रुपियाको धाक देखाउँछौ"(मैनाली, २०७३, पृ. १५)। यस भनाइबाट गुमानेको अभिव्यक्तिलेआशामरु साहुको सामाजिक हैसियत आर्थिक दृष्टिले सबल रहेको निष्कर्ष निकाल्न सकिन्छ । यस मानेमा गुमानेसँग गोरु र केही खेतबारी हुनुका साथै गुमानेले बेलामौकामा भारी बोक्ने काम गर्नु तथा धनजितेसँग गाई, बाख्रा र केही खेतबारी हुनु लगायतका आधारमा यी दुबै पात्र कथामा सीमान्त वर्गको हैसियतमा रहेको तथ्य प्रष्ट हुने गर्दछ।

'छिमेकी' कथामा सक्रिय अवस्थामा रहेका गुमाने, धनजिते, धर्मानन्द पाध्ये र आशामरु साहु सबै पात्रहरूले आफ्नो सामाजिक स्तरलाई कायम गर्न खोजेका छन् । कथाका प्रयुक्त पात्र पाध्ये गाउँभरिमा आफूलाई सबैभन्दा बढी जान्ने, प्रबुद्ध र बौद्धिक वर्गका रूपमा उभ्याएर र आशामरुसाहुले आफूलाई एउटा व्यापारीका रूपमा स्थापित गरी धनजितेले गुमानेको असल कार्यबाट पाठ सिकी गुमानेप्रति अन्त्यमा पूर्ण बफादार रहेर असल मित्रताको उदाहरण प्रस्तुत गरेर आ–आफ्ना सामाजिक स्तरलाई कायम गरेका छन् ।कथामा आवद्ध सम्पूर्ण मञ्चीय पात्रहरूमा कुनैकुनै प्रकारको शक्ति रहेको पाइन्छ। गुमानेले आशामरु साहुको प्रस्तावलाई ठाडै अस्वीकार गर्नु तथा गुमानेको कसैले बद्ख्वाँई गर्दा धनजितेले बद्ख्वाँई गर्नेसित झगडा गर्नु र गुमानेको पक्षमा आवाज उठाउनुले उनीहरूभित्रको उन्मुक्तिको चाहनाले ज्ञान र शक्तितिरको उन्मुखताको अवस्थालाई बोध गराएको पाइन्छ। यस्तै कथामा सत्ताको कोणले पाध्ये र साहुले प्रभुत्वशाली किसिमको सामाजिक हैसियत निर्माण गरेका छन् भने गुमाने र धनजितेले सचेत सीमान्त वर्गको हैसियत स्थापित गरेको पाइन्छ । कथाको अन्त्यतिर साहुले राखेको मालसामान ल्याउने प्रस्तावलाई गुमानेले विवेकपूर्ण ढंगले तर्कगर्दै अस्वीकार गरी प्रभुत्ववादी अवस्थाको सिर्जना गरेको पाइन्छ। कथामा गुमाने, धनजिते, धर्मानन्द पाध्ये, आशामरु साहु आ–आफ्नै विचारधाराबाट प्रभावित भएकाले कतिपय मामिलामा एकअर्काका विरोधी रहेको व्यवस्थाको चित्रण गरिएकोपाइन्छ ।

**निष्कर्ष**

गुरुप्रसाद मैनालीद्वारा रचित 'छिमेकी' कथा विशेषतः छिमेकीको अपरिहार्यता आवश्यकतालाई सर्वाधिक स्थान दिएर तयार पारिएको उत्कृष्ट कथा हो । छिमेकी कथामा असल छिमेकीको कर्तव्य र दायित्व, छिमेकी छिमेकी बिचको मित्रता, परस्पर सहयोग र सेवा भावको भावना जस्ता पक्षहरुलाई सांसारिक कार्यात्मक र क्रियाकलापगत निर्मितिका दृष्टिले पाठक समक्ष सम्प्रेषित गरिएको पाइन्छ। 'छिमेकी' कथामा छिमेकी–छिमेकी बिचको झैंझगडा, असमझदारी तथा असहज परिस्थितिमा हुने समझदारी र आपसी सहयोग, सुखदुःख मिश्रित मानवीय जीवनपद्धति एवं प्रभुत्वशाली वर्गको सीमान्त वर्गलाई सधैँ आफ्नो अधीनस्थ बनाउने, उनीहरूलाई आपसमा भिडाई प्रयोग गर्न खोज्ने तथा दैवीशक्ति र अध्यात्मप्रतिको आस्था र विश्वासको उद्घाटन, उपस्थिति र अनुपस्थित यथार्थको चित्राङ्कनद्वाराकथाको सांसारिक निर्मितिको प्रस्तुतीकरण गरिएको पाइन्छ। गरिबीको रेखामुनि रहेको आफ्नो घर परिवारको वर्ष दिनको आधारभूत आवश्यकताको व्यवस्थापनमा सघाउने, असार महिनामा रोपाइका लागि तयारी अवस्थामा राखिएको धानको बिउको नोक्सानी हुँदा र बाँझो खेतको जोताइ गरी कृषि कार्यमा सघाउने मानवीय जीवनमा सहयोगी गोरुलाई हानि पुऱ्याउँदा संयमता गुमाई आपसमा द्वन्द्व र झगडा गर्ने छिमेकीहरूका क्रियाकलापका आधारमा प्रिय रहने सन्दर्भका कोणबाट अन्तनिर्भरतागत अभिव्यतिका माध्यमबाट कथाको कार्यात्मक निर्मितिको उठान गरिएको छ । त्यस्तै कथामा क्रियाकलापगत निर्मितिका रूपमा समाज छरछिमेकमा शिक्षा, सम्पत्ति र पहुँचका दृष्टिले

सबल रहेका प्रभुत्वशाली एवं अवसरजनात्मक अवस्थामा रहेका अधीनस्थ वर्ग बिचको संघर्षलाई देखाइएको छ। सीमान्त वर्गका आपसी वैमनस्यका आपसी मेलमिलाप, मित्रता र एकताबाट सङ्गृहीत शक्ति सञ्चयगत सन्दर्भबाट राजनीतिक शक्ति तथा जातिगत दृष्टिले उच्च र निम्न जाति आर्थिक कोणले सम्पन्न र विपन्न एवं शैक्षिक दृष्टिले शिक्षित र अशिक्षित वर्गीय पात्रहरूको चरित्राङ्कन गरिएको छ। आफ्नो सम्पत्ति, शिक्षा र जातिगत सवलताको आडमा सदैव शक्तिको केन्द्रमा स्थापित प्रभुत्व वर्गीय सोच तथा आपसी ऐक्यबद्धता र विवेकपूर्णलोक व्यवहारगत आचरणले सीमान्त समुदायको शक्ति र हैसियतले अभिवृद्धि हुने दृष्टिले सामाजिक शक्तिबाट कथामा क्रियाकलापगत प्रस्तुतीकरण गरिएको पाइन्छ। अन्त्यमा कथामा निर्मितिको प्रयोगले कथामा आपसी एकता, सद्भाव र परस्परको सहयोग, लोककल्याण र मानवताको सर्वोपरिता तथा छिमेकीहरूको आवश्यकता र अपरिहार्यतासँग सम्बन्ध स्थापित गरी आदर्शवादी समाजको स्थापना गर्ने दृष्टिकोण र पाठक समक्ष सम्प्रेषित गर्ने सिर्जनात्मक शिल्प र सामथ्र्य बेजोड रहेको तथ्य प्राप्त गर्नु नै मैनालीको यस अध्ययनको निष्कर्षात्मक प्राप्ति हो।

**सन्दर्भ सामग्री सूची**


उप्रेती, सञ्जीव (२०६९), सिद्धान्तका कुरा (चौथौ संस्क.), काठमाण्डौ : अक्षर क्रियसन्स नेपाल।

गौतम, कृष्ण (२०७५), माक्र्सवाददेखि उत्तर माक्र्सवादसम्म, काठमाण्डौं : भृकुटी ऐकेडेमिक पब्लिकेशन।

गौतम, देवी प्रसाद (२०६८), ‘सङ्कथन विश्लेषण, रत्न बृहत् नेपाली समालोचना(सैद्धान्तिक खण्ड)(सम्पा), राजेन्द्र सुवेदी र लक्ष्मण प्रसाद गौतम काठमाडौं : रत्न पुस्तक भण्डार।

पाण्डेय, ताराकान्त (२०७३), माक्र्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र ललितपुर : साझा प्रकाशन।

भट्ट, सुशिला (२०६०), गुरुप्रसाद मैनाली : व्यक्ति र कृति, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

भट्टराई रमेशप्रसाद (२०७०), सांस्कृतिक अध्ययन मूलभूत सिद्धान्तहरू भृकुटी १९,पृ. ३३५–३६४।

मैनाली, गुरुप्रसाद (२०७३), नासो (एक्काइसौं संस्क). ललितपुर : साझा प्रकाशन।

मैनाली, गुरूप्रसाद (२०८१), नासो (तेइसौं संस्क.) ललितपुर : साझा प्रकाशन।

**Gyee, JP.(ad. 1999). an introduction to discourse Analysis: Theory and Method. London and New York: Routledge.**